**तिला गाउँपालिकाको गाउँसभाको १६ औ अधिवेशनमा पेश भएको आर्थिक वर्ष २०८२।०८३ को बजेट, नीति तथा कार्यक्रम**

**प्रस्तोता : उपाध्यक्ष गोरीकला बुढा**

**तिला गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**तिला गाउँपालिका डुण्डेली, जुम्ला ।**

**कर्णाली प्रदेश, नेपाल**

**मिति : २०८२।०३।१०**

सभाध्यक्ष महोदय,

तिला गाउँपालिकाको गरिमामय १६ औं अधिवेशनमा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, राजनीतिक दलका प्रमूख तथा प्रतिनीधि, नागरीक समाज, उपस्थित पत्रकार, सुरक्षाकर्मी, र राष्ट्रसेवक कर्मचारी मित्रहरू।

नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको स्थापना भए सँगै राजनीतिक रुपमा स्थापना भएको तिला गाउँपालिकाले राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरिरहेको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन बमोजिम यस स्थानीय तहको आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट गाउँसभा समक्ष पेश गर्न गै रहेको छु। यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ समर्थन र सदभावका लागि सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यस महत्वपूर्ण समयमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहिदहरू प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरू समुन्नतिको चाहना राख्नु हुने सम्पूण तिला गाउँपालिका बासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यस गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत: नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरू, आर्थिक, सामाजिक विकास प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरू, स्थानिय सरकार संचालन ऐन २०७४ को मार्गचित्र, मध्यमकालीन खर्च योजना, तिला गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को मर्म अनुरुप गाउँ, बस्ती-टोल हुँदै वडा समिति र विषयगत समितिहरूको बैठक, राजनीतिक दल लगायत सरोकारवालाहरू सँग छलफल, सामाजिक संजाल र अन्तक्रिया गरि प्राप्त सुझावहरूलाई समेत आधार मानी तयार गरिएको छ।

सभाध्यक्ष महोदय,

नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय आकांक्षा अनुरुप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक वृद्धि दर हासिल गर्ने र गरिबी निवारण गर्ने लक्ष्यका साथ तिला गाउँपालिकाले लिएको **"समृद्ध, समतामुलक, सुन्दर भूमि तिला जैविक, कृषि पर्यटन र पूर्वाधारको आधारशिला"** भन्ने नारालाई साकार पार्न प्रस्तुत नीति, बजेट तथा कार्यक्रमले निम्न क्षेत्रलाई प्राथमिकता दिने नीति लिइएको छ।

## १. सामाजिक बिकास सम्बन्धी नीति

क. **स्वास्थ्य**

१. तिला गाउँपालिकाका हरेक नागरिकलाई नि:शुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुका साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारी बनाउँदै रक्षात्मक र प्रवर्द्धनात्मक सेवाहरू क्रमिक रुपमा विस्तार गरि बस्ति र घरधुरी सम्म पहुँचको सुनिश्चित गरिनेछ।

२. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार, औषधीजन्य सामाग्री, औषधी, औजार तथा उपकरणको व्यवस्था गरिनेछ।

३. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ।

४. विपद तथा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरूको न्यूनिकरण एवं प्रतिकार्यको लागि बहुपक्षिय सहकार्य गरिनेछ।

५. वातावरणीय प्रभावबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरू न्यूनिकरण तथा व्यवस्थापन गर्न बहुपक्षीय सरोकारवाला संग सहकार्य गरिनेछ।

६. स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धिहरूलाई संस्थागत गर्दे थप उलब्धि हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइनेछ।

७. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ।

८. सरुवा रोग, किटजन्य रोग, पशुपंछी जन्य रोग, लागुपदार्थ दुर्व्यसनी जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ।

९. आयुर्वेद लगायतका स्वास्थ्य सेवालाई थप व्यवस्थित, मजबुत र गुणस्तरीय बनाइने छ।

१०. सुतिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन अस्वस्थकर जीवनयापन शैलिलाई निरुत्साहित गरी नियमन गरिनेछ। स्वास्थकर जीवनयापन गराउन जनचेतना कार्यक्रम, शारिरीक व्यायम र योगा जस्ता कार्यलाई प्रोत्साहन, प्रवर्धन गरिनेछ।

११. यस तिला गाउँपाललिकाको निर्माणाधिन १० शैयाको अस्पतालको निर्माण कार्यलाई तिव्र बनाएको छ।

१२. तिला गाउँपालिका अन्तर्गतका सम्पुर्ण लक्षित उमेरका बालबालिकालाई खोपको सुनिश्चितता गरी पूर्ण खोप दिगोपना पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. क्षय रोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोज पडताल कार्यक्रम तथा घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण एवं पाँच वर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम सम्बन्धि टि.पि.टि. कार्यक्रम संचालन गरिनेछ।

१४. मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्त संचार, उत्प्रेरणा सेवा, न्यानो झोला बितरण गरिनेछ।

१५. स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सबै सेवाहरू दिगो विकासका लक्ष्यको अवधारणा अनुसार क्रमश लक्षित कार्यक्रमहरूलाई सुधार गर्दै लगिनेछ।

१६. आवश्यक स्थानको पहिचान गरि अस्पताल स्तनपान कक्ष स्थापना गरिनेछ।

१७. गाउँघर क्लिनिक र खोप क्लिनिकका भवनहरू क्रमिक रुपमा निर्माण गरिनेछ।

१८. तिला गाउँपालिका अन्तर्गतका ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरूलाई पोषण कार्यक्रम अन्तर्गत कुपोषण पहिचानका लागि शारिरीक जाँच तथा स्क्रिनिङ्ग अभियान संचालन गरिनेछ।

१९. गाउँपालिकाको भौगोलिक बिकटतालाई मध्यनजर गरी आबद्धता अनुसार थप सामुदायिक स्वास्थ्य ईकाईको स्थापनाका लागि पहल गरिनेछ।

२०. कम्तिमा १ पटक पालिका स्तरमा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।

२१. संचालित स्वास्थ्य संस्थाहरू तथा बर्थिङ सेन्टरहरूको आवश्यकता अनुसार मर्मत सम्भार गरिनेछ।

२२. आवश्यकताको पहिचान गरि प्लासेन्टा पिट र सुरक्षित खाने पानीको निर्माण गरिनेछ।

२३. भैपरी आउने महामारी तथा आकस्मिक रोग नियन्त्रणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२४. कम्तिमा १ जना दक्ष प्रसुति कर्मी (SBA) नभएको स्वास्थ्य संस्थाहरूमा कार्यरत नर्सिङ कर्मचारीहरूलाई तालिमको लागि व्यवस्था गरिनेछ।

२५. प्रजनन् उमेरका महिला, किशोर र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ।

२६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा र साझेदार निकायहरू सँग मिलेर पोषण लक्षित र संवेदनशील क्रियाकलापहरू संचालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै: बालपोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्रि स्थानिय शासन आदि समेतमा बहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिनेछ।

२७. पोषण सुधारका लागि विपन्न समुदायका महिला समूहहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार गर्न कार्यक्रम संचाल गरिनेछ।

**ख. शिक्षा युवा तथा खेलकुद**

१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउँदै लगिने छ।

२. सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार गर्न नियमित अनुगमन तथा पेशागत सहयोग प्रदान गरिने छ।

३. बालविकास केन्द्रको अनुगमन गरी आवश्यकता र औचित्यको आधारमा बालविकास केन्द्र समायोजन गरिनुका साथै बालिविकास शिक्षकको कार्य सम्पादनमा क्षमता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकाले संचालन गर्दै आएको उपलब्धी परिक्षा, वार्षिक परिक्षा, र कक्षा ८ को परीक्षालाई समयानुकुल सुधार गरि थप व्यवस्थित गरिने छ।

४. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न स्थानिय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोगमा जोड दिइनेछ।

५. विद्यालय बाहिर रहेका बालबालिकाहरूको खोजी गरी विद्यालयमा भर्ना गराई टिकाउका कार्यक्रम संचालन गरिने छ।

६. विद्यार्थीको सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ।

७. सामुदायिक विद्यालयमा दिवाखाजा व्यवस्थापनको लागि उपयुक्त मोडल पहिल्याई कार्यान्वयन गरिने छ। बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विभिन्न शाखाहरू सँग आवश्यक समन्वय गरी शिक्षालाई बालबालिकाको सरसफाई र पोषणसँग जोडन आवश्यक कार्यक्रम संचालन गरिने छ साथै दिवा खाजा लाई रैथाने बालिको प्रयोगलाई जोड दिइनेछ।

८. गाउँपालिका भित्रका विद्यालयको कार्यक्रम एकरुपतका लागि शैक्षिक पात्रोको व्यवस्था गरी सोही अनुरुप कार्यक्रम संचालन गर्न लगाइने छ।

९. तिला गाउँपालिका अन्तर्गत रहेका विद्यायहरूमा खेलकुद कार्यक्रम संचालन गरी गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको आयोजना गरिने छ।
१०. गाउँपालिका भित्रका विद्यायहरूमा अध्यापनका लागि आवश्यकता अनुसार स्थानीय विषय वस्तुहरू समेटी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।
११. सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्न क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ।
१२. विद्यालयको IEMIS Focal Person को क्षमता विकासका लागि ICT तालिमको व्यवस्था गरिनेछ।
१३. गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई निरन्तरलाई दिइने छ।
१४. पढ्दै कमाउदै कार्यक्रमको लागि आवश्यक कार्यविधि बनाइ पाइलट प्रोगाम संचालनमा ल्याइने छ।
१५. राष्ट्रपति/पालिका स्तरिय खेलकुद प्रतियोगीता उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गर्ने गाउँपालिकाका खेलाडीहरूलाई विशेष सम्मान सहित प्रोत्साहन गरिने छ।
१६. सामुदायिक विद्यालयमा खेल मैदान निर्माण निर्माण एवं स्तरोन्नतिलाई निरन्तरता दिइने छ।
१७. सामुदायिक विद्यालयहरूमा अनुगमन गरि आवश्यकता अनुसार भवन, खानेपानी तथा शौचालय निर्माण गरिने छ।
१८. एक वडा एक खेलकुद मैदान निर्माण गरिने छ।
१९. आवश्यकताको आधारमा बालविकास केन्द्रको स्थापना गरिने छ।
२०. उत्कृष्ट कार्य गर्ने व्यवस्थापन समिति र शिक्षकलाई पुरस्कृत गरिने छ।
२१. उत्कृष्ट नतिजा ल्याउने कक्षा ८-१२ सम्मका विद्यार्थीलाई पुरस्कृत गरिने छ।
२२. घुम्ति प्रधानाध्यापक बैठकहरूको आयोजना गर्दै राम्रा कार्यहरूको अनुकरण गरिनेछ।
२३. आवश्यकता अनुसार व्यवसायिक शिक्षा संचालन गरिनेछ।
२४. अनुगमनको आधारमा शिक्षाको दरबन्दी मिलान गरि शिक्षक नियुक्त गरिनेछ।
२५. आवश्यकताका आधारमा विद्यालय समायोजन गरिनेछ।

**ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति:**

१. महिलाको आर्थिक, सामाजिक, राजनितिक र विकासात्मक क्षेत्रमा अर्थपुर्ण सहभागिता गराई समावेशीकरण तथा मूलप्रवाहिकरण गरि सशक्तिकरण गर्दै दीगो विकासको लक्ष्य हासिल गरिनेछ।
२. लैगिक हिंसा विरुद्धको शुन्य सहनशीलताको नीति अवलब्मन गरिने छ।
३. लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यानवयनमा ल्याईने छ। गाँउपालिकाको नीति, कार्यक्रम र बजेटको लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्न वार्षिकरुपमा व्यवस्था मिलाईने छ।
४. समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागी क्षमता विकासका कार्यक्रम र सशक्तिकरण गरि मुलप्रवाहीकरण गरिने छ।
५. अपाङ्गत भएका व्यक्तिहरूका लागि जिविको पार्जन र दैनिकी सहजिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
६. अपाङ्ग मैत्री पूर्वाधारलाई अनिवार्य गरिनेछ।
७. परिचयपत्र वितरण व्यवस्थापन र सहजताका लागि शिविर संचालन गरिनेछ।
८. बालमैत्री स्थानीय शासन घोषणका लागि आवश्यक तयारी गरिनेछ।

९. बालबालिकाको तथ्याङ्क संकलन गरि वडा तथा पालिका स्तरीय बाल क्लबलाई व्यवस्थित बनाइने छ।

१०. हिंसा पिडित महिलाहरूको लागि आवश्यक कार्यक्रम गरिनेछ।

११. महिला शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न कार्ययोजना कार्यान्वय स्थानिय समिति गठन गरि क्रियाशिल बनाइने छ।

१२. असहाय एकल महिलालाई रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गरिनेछ।

१३. जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पिडित महिलालाई पुनः स्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्वी बनाइनेछ।

१४. लैंगिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रमशोषण, बालविवाह र छाउपडी जस्ता कुरितिहरू न्यूनिकरण गरि सामाजिक न्याय तथा सुशासनको प्रत्याभूति दिलाइनेछ।

१५. जनजाती तथा दलित समुदायको विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिनेछ।

१६. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिइनेछ।

१७. बालबालिका सँग सम्बन्धित विभिन्न बाल सहभागितामुलक कार्यक्रमहरू संचालन गरि बाल अधिकार संरक्षण र सम्बर्धन गरिनेछ।

१८. विपन्न, सिमान्तकृत, एकल दलित र पिछडिएका जेष्ठ नागरिकहरूको सम्मान र संरक्षण गरिनेछ।

१९. विशेष क्षमता भएका व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गरिनेछ।

२०. लैंगिक हिंसा निवारण कोष तथा बाल कोषलाई निरन्तरता दिइनेछ।

२१. लक्षित समूहको एकीकृत तथ्याङ्क संकलन गरी उनीहरूको पहिचान, अर्थपूर्ण सहभागिता र विकासका लाभको समन्यायिक वितरण गरिनेछ।

२२. तिला गाउँपालिकालाई लैंगिक मैत्री, बालमैत्री तथा बालश्रम मुक्त बनाउनका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।

२३. तिला गाउँपालिकामा कार्यस्थलका हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता निर्माण गरि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

२४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण गर्दै सामाजिक न्याय स्थापना गर्नका लागि लैगिक समानता तथा समावेशीकर परिक्षण गरिनेछ।

२५. एकल महिला कोष स्थापना गरि संचालन गरिनेछ।

२६. गठित सामुदायिक मेलमिलापका कार्यक्रमहरू संचालन गरिनेछ।

२७. मेलमिलाप केन्द्रलाई क्रियाशिल बनाइने छ।

२८. न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरूको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

२९. असहाय तथा टुहुरा बालबालिकाहरूलाई सहयोगका कार्यक्रम संचालन गरिनेछ।

३०. कानुनी परामर्श सेवा तथा कुप्रथा न्यूनिकरणका कार्यक्रम संचालन गरिनेछ।

३१. बालविवाह न्यूनिकरण सम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गराइने छ।

३२. जातिय विभेद मुक्त पालिका घोषणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

## घ. सामाजिक सुरक्षा तथा पंजिकरण

१. सामाजिक सुरक्षा भत्ताको सन्दर्भमा, सामाजिक सुरक्षा ऐन- २०७५ (संशोधन सहित), सामाजिक सुरक्षा नियमावली- २०७६ (संशोधन सहित) र समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि- २०७७ अनुसार थप सहज, सुदृढिकरण गरिने छ । साथै सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट विभिन्न समयमा जारी भएका परिपत्रहरू लाई समेत ध्यानमा राखी आवश्यक कार्य गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण साउन १ गते देखि भदौ मसान्त भित्र गर्न/गराउन आवश्यक सहजिकरणका कार्यक्रम संचालन गरिनेछ ।

३. पञ्जिकरण तर्फ, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन- २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली- २०७७ (संशोधन सहित) र विभिन्न समयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जारी भएका परिपत्र व्यक्तिगत घटना दर्ता गराउने सम्बन्धि आवश्यक सहजिकरका कार्यक्रम संचालन गरिनेछ ।

४. व्यक्तिगत घटना दर्ताको आवश्यकता र महत्त्वबारे आम सर्वसाधारणलाई सचेत गराई शत् प्रतिशत घटना दर्ताको लक्ष्य हासिल गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनाको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाको सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा (Birth Registration system ) संचालनको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति

### क. कृषि तथा पशुपन्छी:

१. तिला गाउँपालिकाको कृषि तथ्याङ्क आधारभूत (Baseline) सूचना तयार गरि GIS मा आबद्ध गरिनेछ ।

२. भविष्यमा आउन सक्ने खाद्यान्न संकट जसको कारणले अत विपन्न परिवारलाई पर्न सक्ने भोकमारीको अवस्थालाई निराकरण गर्न सरकारी तथा गैरसकारि संस्थाहरू सँग सहकार्य गरिनेछ ।

३. खाद्य सुरक्षालाई मध्य नजर गरि नीजि (बाझो) जमिनको उपयोग गर्न तोकिएको मापदण्ड निर्धारण गरी व्यावसायिक खेती तथा तरकारी खेति गर्न प्रोत्साहित गरिनेछ ।

४. कृषिजन्य उत्पादनमा आधुनिक प्रविधि प्रयोगमा ल्याई व्यावसायिक कृषिलाई प्राथमिकता दिदैँ उत्पदनमा वृद्धि आत्म-निर्भर बनाउँदै लगिने छ ।

५. एक गाउँ एक कृषि तथा पशु प्राविधिक व्यवस्थापन गर्न गरिएको साझेदारीलाई निरन्तरता दिइनेछ ।

६. विभिन्न बालिको विउमा आत्म-निर्भर बनाउन विउ उत्पादन कार्यक्रम अगाडी बढाइनेछ ।

७. एक घर एक करेसाबारी तथा पकेट क्षेत्रमा व्यावसायिक तरकारी कार्यक्रम अगाडी बढाइनेछ ।

८. "युवाको लक्ष्य सिप र दक्षतामा आधारित" कार्यक्रम अन्तर्गत युवालाई उद्यमशिलता तालिम तथा अभिमुखिकरण गोष्ठी संचालन गरि नीजि तथा सामुहिक लगानी गरि उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

९. कृषकको उत्पादनलाई बजारीकरण गर्न कृषि उपज संकलन केन्द्रलाई थप व्यवस्थित बनाइनेछ ।

१०. कृषिको उत्पादन तथा उत्पादकत्व बढाउनका लागी साना सिंचाई कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११. पशुपंछि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) क्षेत्र निर्धारण गरि पशुपंछी पालन पकेट क्षेत्र निर्धारण गरिने छ ।

१२. तिला गाउँपालिका भित्रका कृषकले पालन गरि राखेका पशुपन्छिको संख्याको तथ्याङ्क संकलन कार्यलाई अगाडि बढाइ पशुपन्छी विमा कार्यक्रम सहजिकरण गरिने छ।

१३. पशुपन्छि पालन कृषकलाई ब्यावसायिक बनाई आर्थिक स्थिति सुधार गर्न दुध र मासु उत्पादनमा आत्मनिर्भर हुन भेडा, गाई र भैंसी पालन गरि कृषि रोजगार प्रवर्धनका लागि मागमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिने छ।

१४. गाउँपालिका भित्रका पशुपंछि पालक कृषकका पशु तथा पन्छिमा आकस्मिक रोग लगायत रोगको नि:शुल्क उपचार सेवा पशु स्वास्थ्य खोप व्यवस्थापन गरि घुम्ति शिविर सञ्चालन गरि पशु सेवा शाखामा आधारभूत प्रयोगशाला निर्माण कार्यक्रम अगाडि बढाइने छ।

१५. उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१६. एक वडा एक नमुना पशुपन्छि पालन कार्यक्रम सञ्चालन गरि गाउँपालिका स्तरमा पशुपन्छि पालन नश्ल स्रोतकेन्द्र स्थापना गरिने छ।

**ख. सहकारी सम्बन्धी नीति:**

१. गाउँपालिका भित्र दर्ता गर्न चाहने सहकारी संस्थालाई पूर्व सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

२. विभिन्न निकायसँग साझेदारी कार्यक्रम संचालन गरिनेछ।

३. सहरकारी संघ सस्थाहरूको नियमन प्रवर्द्धनमा संलग्न कर्मचारीहरू, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सहकारीका कर्मचारीहरू र सदस्यहरूको लागि तालिम गोष्ठी, शिक्षा, अनुभव आदान प्रदान लगायत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. सहकारी संघ संस्थाहरूको नवप्रविधि प्रवर्धनमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

५. सहरकारी संस्था मार्फत कृषिजन्य उत्पादनको बाजरीकरणमा सहयोग पुर्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६. तिला गाउँपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरूको अनुगमन तथा नियमनमा जोड दिइनेछ।

ग. **लघु उद्यम विकास तर्फ:**

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सृजना गरिने छ र उद्यमिको स्तरोन्नतिका लागि आवश्यकता पहिचान गरि उचित सीप क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

२. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिपस्र्धा वृद्धि गर्नको लागि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ।

३. स्थानीय स्तरमा रहेको कच्चा पदार्थलाई प्रयोग गरि समुहद्धारा सीप विकास तालिम प्रदान गरिने छ।

४. स्थानीय स्तरमा रहेका उद्योगहरूको अनुगमन गरि आवश्यकता बमोजिम अनुदानको व्यवस्था गरिने छ।

५. तिला गाउँपालिकामा रहेका उद्यमीहरूले उत्पादन गरेका वस्तुको अनुगमन गरि बजारीकरण गर्न सहयोग स्वरुप राहत तथा अनुदानको व्यवस्था गरिनेछ।

६. वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई उद्यमशील बनाउन आवश्यक अनुदानको व्यवस्था गरिनेछ।

**३. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति:**

**१**. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरूको पेश व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरू समावेश गरि पार्श्वचित्र तयार गरिनेछ।

२. तिला गाँउपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागी राष्टिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गर्ने नीति लाई निरन्तरता दिईने छ।

३. गाउँपालिकाको कार्यालय, शाखा तथा वडामा सेवा प्रवाहलाई थप छिटो छरितो र प्रभावकारी बनाउन सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरिनेछ।

४. पदाधिकारी एवम् कर्मचारीहरूको क्षमता विकासमा टेवा पुर्याउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।

५. सुशासन, पारदर्शिता र जवाफदेहिता, प्रवर्द्धनका लागि तपसिल बमोजिका कार्य गर्नुका साथै नागरिकका गुनासाहरू सम्बोधन गर्न आवश्यक संयन्त्र स्थापना गरि परिचालन गरिनेछ।

- गाँउपालिका वाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने अभ्यास गरिने छ। साथै गाँउपालिका संग सम्बन्धित गुनासोहरुलाई सम्वोधन गर्न गुनासो संकलन, सुनुवाई र सम्बोधन गर्ने कार्यलाई व्यवस्थि गरिने छ।
- टोल फ्रि नं. ईमेल र मोबाइल नं. सहितको हेलो सरकार जनगुनासो सुनुवाई कक्षको स्थापना गरिनेछ।
- स्थानिय मिडिया र नागरिक संस्थाहरूलाई नागरिक सचेतना प्रचार प्रसार र तेस्रो पक्षिय अनुगमन कर्ताको रुपमा प्रयोग गरिनेछ। जस्तै: नागरिक संस्थाको प्रतिनिधिलाई सार्वजनिक सुनुवाईमा सहजकर्ताको भूमिकामा राख्ने, स्थानिय रेडियो, पत्रपत्रिका मार्फत गाउँपालिकाका सार्वजनिक महत्वका सूचना प्रकाशन तथा प्रसारण गर्ने तथा नागरिकका गुनासो सम्बन्धि सूचना मुलक जानकारी प्रवाह गर्ने।
- गाँउपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागी राष्टिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गर्ने नीति लाई निरन्तरता दिईने छ।
- सार्वजनिक सुनवाई र सामाजिक लेखा परिक्षणको अभ्यासलाई समृर्द्धि बनाई शासन प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्न निर्देशिका बनाई लागु गरिनेछ।
- प्रत्येक वडामा विद्युतीय नागरिक वडा पत्र र गुनासो पेटिकाको व्यवस्था गरिनेछ।

६. तिला गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरूको वृत्ति र विकासको लागि कर्मचारी अवकाश कोष स्थापना गरिनेछ र सो कोष मार्फत स्थायी कर्मचारीले प्राप्त गर्ने निवृत्तिभरण, उपदान, औषधी उपचार खर्च, सहुलियत ब्याजदरमा ऋण प्रदान र सन्तति छात्रवृत्ति लगायतका विषयहरू समावेश गरि कार्यान्वयनमा लगिनेछ।

७. O&M Survey गरि आवश्यक पद पहिचान गरि O&M प्रतिवेदन बमोजिमका आवश्यक कर्मचारी व्यवसथापन गरिने छ।

८. आन्तरिक लेखा परीक्षण कार्यविधि तयार बनाई कार्यान्वयन गरिनेछ।

९. प्राविधिक फिल्ड भत्ता सम्बन्धी कार्यविधि कार्यान्वयन गरिनेछ।

१०. नियमितता, कार्यदक्षता, मितव्ययिता र प्रभावकारिताको आधारमा नियमानुसार प्रत्येक त्रैमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरिनेछ।

**४. वन, वातावरण, जलवायु तथा विपद व्यवस्थापन सम्बन्धि नीति:**

१. तिला गाउँपालिका भित्र रहेका खाली जमिनमा वृक्षारोपण गर्दै जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्दै लगिनेछ।

२. विपद पुर्व तयारी उद्धार तथा राहत र पुनर्निर्माणका लागि कार्यविधि बमोजिम आवश्यक प्रबन्ध मिलाईने छ।
३. बाढी, पहिरो, आगलागी, भु-कम्प लगायतका प्राकृतिक एवम् मानविय विपद्हरूको बारेमा जनचेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ।
४. खानेपानीको मुहान जोगाउन आवश्यक स्थानहरू पहिचान गरि रिचार्ज पोखरीको निर्माण गरिनेछ।
५. बाढी, पहिरो, आगलागि, खडेरी जस्ता प्राकृतिक प्रकोप बाट पिडित नागरिकहरूका लागि विशेष राहत प्याकेजको व्यवस्था गरिनेछ।
६. हरित पुर्नलाभ तथा समावेशि विकास पद्धति (GRID Approach) को पुर्ण अवलम्बन गरि पूर्वाधार विकासका आयोजनाहरु जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामूखि र दीगो रुपमा विकास गर्ने नितिलाई उच्चप्राथमिकताका साथ अवलम्बन गरिनेछ ।
७. स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयन गर्दा संभावित वातावरणिय जोखिम तथा प्रभावको अध्ययन गरिने छ।
८. कम तथा मध्यम जोखिम भएको योजनाको कार्यान्वयन गर्दा जोखिम न्यूनीकरणका उपायहरुको अवलम्बन गरि कार्यान्वयन गरिने छ भने उच्च जोखिम भएका योजनाहरु कार्यान्वयन गरिने छैन।
९. स्थानीय पूर्वाधारका गतिविधिहरुको कार्यान्वयन गर्दा वायो– ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरि गरिने छ। तर ठूला तथा गौरवकाआयोजनाहरुको लागि प्रारम्भिक वातावरणिय मूल्यांकन (IEA) तथा वातावरणिय प्रभाव मूल्यांकन (EIA) गरि गरिने छ।

**५. भौतिक पूर्वाधार सम्बन्धी नीति:**

१. गाउँपालिका स्तरिय सडकहरु आवश्यकता अनुसार मर्मत गरी संचालन गरिने छ।
२. आगामी ५ वर्ष भित्र गाउँपालिकाको मुख्य सडक पक्की बनाउने र रणनीतिक सडकको लागि आवश्यक सडक विस्तारको लागि संघ र प्रदेश सरकार सँग माग गरिने छ।
३. गाउँपालिका अन्तर्गतका सम्पूर्ण गाउँलाई सडक सञ्जाल सँग जोड्ने नीतिलाई निरन्तरता दिइएको छ।
४. सर्वे तथा प्राविधिक ल्याव स्थापनका लागि आवश्यक व्यवस्था मिलाईने छ।
५. तिला गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय महत्वका मठ मन्दिर तथा क्षेत्रहरूको विकास, संरक्षण तथा प्रचार प्रसारका लागि आवश्यक व्यवस्था मिलाईने छ।
६. विद्यालय पूर्वाधार विकास तर्फ तिला गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा भवन अपुगको समस्या लाई सामाधान गर्न आवश्यक व्यवस्था गरिनेछ।
७. सम्पूर्ण वडा कार्यालयहरूको भवन निर्माणको कार्यलाई निरन्तरता दिइने छ।
८. वडा स्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरि कार्यान्वयन गरिने छ।
९. पर्यटकीय सम्भावना भएका स्थलहरूको अध्ययन गरि आवश्यक पूर्वाधार निर्माण गरिने छ।
१०. आवश्यकता अनुसार झोलुङ्गे पुलहरूको निर्माणका लागि संघ र प्रदेश सरकार तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू सँग साझेदारी गरिनेछ।
११. तिला गाउँपालिका भित्र बाढी पहिरोको जोखिममा रहेका कृषि योग्य जमिनको संरक्षणका लागि आवश्यक तटबन्धन निर्माण गरिनेछ।
१२. आवश्यकता तथा स्रोतको सुनिश्चित गरि गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरूमा चौतारी निर्माण गरिने छ।
१३. आवश्यकता तथा स्रोतको सुनिश्चित गरि गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरूमा सार्वजनिक मंच निर्माण गरिने छ।

१४. स्थानीय विकासको लक्ष्य हासिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगाएत अन्य कार्यक्रम संग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा सह-लगानी (Co-Finance) को नीति अवलम्बन गरिने छ।

१५. पूर्वाधार विकासका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा बजेट विनियोजन गर्ने नीति लिइनेछ।

१६. गाउँपालिका क्षेत्र भित्रका बाटो, सिँचाइ कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) मा राखिने छ  र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको मर्मत सम्भार कोषको व्यवस्थापन उच्चतम तवर गरिने छ।

१७. गाउँपालिको यातायात गुरुयोजना Municipal Transport Master Plan (MTMP) निर्माण गरि कार्यान्वयनमा ल्याईने छ। प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ।

१८. तिला गाउँपालिका वडा नं १ देखि धोपाघाँट सडक रारा संग जोड्न गुरुयोजना बनाउन पहल गरीने छ।

१९. रारा सेरी बजार देखि तुही पोखरी घोडे हुदै सुडी रीपि मनेचौर हुदै रारा बजार जोड्नको लागी गुरु योजना तयार भैसकेकोले उक्त सडकमा तिला ९ मालापानि रासा खोप्री हुदै ढिपु सम्मको रिङ् रोड छुटेकोहुदा उक्त स्थान गुरुयोजनामा समाबेशको लागी प्रदेश सरकार भौतिक पुर्बाधार मन्त्रालयमा पहल गरीने छ।

२०. त्रिबेणी गेट दरवार हुदै देउति थान हुदै भुरिचुला सम्म सडक जोड्ने

२१. दैबि प्रकोप (असिना र खडेरी) बाट प्रभाबित क्षेत्रहरुमा उचित राहत ब्यवस्था गर्ने

२२. तिला बृहत खानेपानि संचालन तथा निर्माणको लागी गाउँपालिका बाट आवश्यक सहजिकरण तथा सहयोग गरिने छ।

२३. तिला गाउपालिका भित्र रहेका हरेक घरधुरीलाइ एक घर एक धारा निरेमाण कार्यलाइ निरन्तरता दीइने छ

२४. तिला हाइर्डो पावर निर्माणको लागी गाउपालिकाको बजेट अपुग हुने भएकोले उक्त हाइर्डो पावर निर्माणका लागी आवश्यक बजेट मागको लागी बिद्युत प्राधिकरण उर्जा मन्त्रालय र कर्णाली प्रदेश सरकार संग अनरोध गर्ने।

२५. बुनिमल तालचौर हुदै बेलढुङ्गा सम्मको कृषि ग्रामिण सडक निर्माणका लागी आवश्यम पहल गर्ने

२६. सापुल्ली कैलास बाट पुरुकाध हुदै रासा मालापानि मानेचौर हुदै दैलख जोड्ने सडकको लागी आवश्यक पहल गरीने छ।

२७. कुडारी भरसिल्ला रानीशैन हुदै कुपरदुला जक्ता खोला हुदै डुङ्ग्री जोड्ने ग्रामिण सडक निर्माण गर्न पहल गरिने छ।

२८. रारा पुरु जुम्लाकोट मानेचौर हुदै खोप्री कयरकोट सम्म सडक निर्माणको लागी बजेट बिनियोजन गरी निरन्तरता दिइने छ।

**६. राजश्व तथा आन्तरिक स्रोत परिचालन नीति :**

१. कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कार र भाका नाघी कर बुझाउने करदातालाई दण्डको व्यवस्था गरिनेछ।

२. संरचना निर्माण गर्दा नक्सा पास अनिवार्य गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरि नागरिकहरू बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. कर प्रशासनलाई सूचना प्रविधि मैत्री एवं करदाता मैत्री तुल्याउदै लगिनेछ।

५. राश्व सुधार कार्ययोजना तयार गरि राजश्वका दर र  दायरा अध्ययन गरि आवश्यक सुधार गर्नु पर्ने विषय पहिचान गरि आन्तरिक आय वृद्धि गरिने छ।

**७. रोजगार सम्बन्धी नीति**

१. यस गाउँपालिकामा सुचिकृत भएका बेरोजगार ब्यक्तिहरु लाई न्युनतम रोजगारी प्रदान गरी सार्वजानिक पुर्वाधारको विकास निर्माण सगै सामाजिक संरक्षणको प्रत्याभुति गराईने छ।

२. तिला गाउँपालिकाले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पुर्ति गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार ब्यक्तिहरुलाई पहिलो प्रथामिकता दिईनेछ।

३.गाउँपालिका तथा वडाँ गत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सगं साझेदारी गरी सञ्चालन गरिनेछ।

४. गाउँपालिका अन्तरगत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार र सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोहि प्रकारका कामको ब्यबस्था गरिने छ।

५. बैदेशिक रोजगारमा जान चाहने ब्यक्तिहरुलाई पुर्ब अभिमुखिकरण लगाएतका अन्य बैदेशिक रोजगार सँग सम्बन्धित तालिमहरुको ब्यबस्था गरिने छ।

६. बैदेशिक रोजगारी बाट फर्किएका लाई उनीहरुको सिप र क्षमताको आधारमा स्थानिय स्तरमै रोजगारी सृर्जना गरि रोजगारीमा संलगन गरिने छ।

७.श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिने छ।

८. स्थानिय तहको रोजगार रणनिती तर्जमा गरी रोजगारीको सम्भाब्यता खोजि गरिने छ।

९. रोजगार सेवा केन्द्रको सञ्चालन तथा ब्यबस्थापन प्रभाबकारी बनाउन यस सगं सम्बन्धीत बिभिन्न अभिमुखिकरण लगायतका कार्यक्रम गरिने छ।

१०. कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटिको निर्माण गदै स्वरोजगार उन्मुख जिवनशैली, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यबस्थापन तिला गाउँपालिकाको नीति हुने छ।

११ त्रिबेणी धाम नदैगुफा भम्ना बाइसथाप्ला बाइस देवल लगायत तिला मा भएका धार्मिक तथा सास्कृतिक जस्ता प्रर्यटन प्रबर्दन गर्नको लागी सास्कृतिक सम्मेलन गर्न प्रोत्साहन गर्ने।

**८. भूमी व्यवस्थापन सम्बन्धी नीति**

१. तिला गाउँपालिका अन्तर्गतका सबै वडाको ट्रेस नक्सा उपलब्ध गराइने छ।

२. भूमी शिक्षा सम्बन्धि कार्यक्रम प्रत्येक वडामा गरिने छ।

३. छुट जग्गा दर्तालाई नाप-जाच गर्न पहल गरिने छ।

४. अव्यवस्थित र भुमीहिन दलित सुकुम्बासी हरूको वडाको विवरण अनुसार भूमी/लालपुर्जा प्राप्तिका लागि आवश्यक कार्य अगाडी बढाइने छ।

५. सरकारी तथा सार्वजनिक भवन बनिसकेका तर पुर्जा प्राप्त नभएका कार्यालय लाई पुर्जा उपलब्ध गराउन पहल गरिने छ।

६. सार्वजनिक निर्माण तथा विकास आयोजनाका लागि आवश्यक पर्ने जग्गाको लगतकट्टी तथा जग्गा धनी प्रमाण पत्र प्राप्त भए पछि टेन्डर गर्ने व्यवस्था मिलाईने छ।

**९. संचार नीति:**

१. व्यहारिक र बैज्ञानिक संचार निति मार्फत स्थानिय संचार कर्मी र संचार गृहहरूलाई प्रवर्द्धन गर्ने गरि बजेटको व्यवस्थापन गरिनेछ।

सम्मानित गाउँसभाका सदस्य ज्यु हरु,

अब म यस गरिमामय सभामा आगामी आ.ब. २०८२।०८३ मा सञ्चालन गरिने कार्यक्रमको लागि संक्षेपमा प्रस्तावित बजेट प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षका लागि देहाय अनुसार आय अनुमान गरेको छु ।

| शीर्षकको नाम | जम्मा | अक्षरुपी |
|---|---|---|
| **संघिय सरकार बाट प्राप्त अनुदान** | | |
| वित्तिय समानिकरण अनुदान | ९४०००००० | ९ करोड ४० लाख |
| सशर्त अनुदान संघ | २०९२००००० | २० करोड ९२ लाख |
| विशेष अनुदान संघ | २५०००००० | २ करोड ५० लाख |
| समपूरक अनुदान संघ | १७८००००० | १ करोड ७८ लाख |
| राजश्व बाँडफाँड संघ | ८७०१८००० | ८ करोड ७० लाख १८ हजार |
| **प्रदेश सरकार बाट प्राप्त अनुदान** | | |
| वित्तिय समानिकरण अनुदान प्रदेश | १२२५३००० | १ करोड २२ लाख ५३ हजार |
| सशर्त अनुदान प्रदेश | २२११८००० | २ करोड २१ लाख १८ हजार |
| समपूरक अनुदान प्रदेश | १५९००००० | १ करोड ५९ लाख |
| राजश्व बाँडफाँड प्रदेश | २९३००० | २ लाख ९३ हजार |
| आन्तरिक राजश्व | २२००००० | २२ लाख |
| अल्या अनुमान | २८०००००० | २ करोड ८० लाख |
| **जम्मा** | **५१३७८२०००** | **५१ करोड ३७ लाख ८२ हजार** |

आगामी आर्थिक वर्षका लागि देहाय अनुसार व्याय अनुमान गरेको छु ।

चालु तर्फ रु. ३४ करोड ५३ लाख ७९ हजार

पुजीगत तर्फ रु. १६ करोड ७८ लाख

आगामी आर्थिक वर्षमा कार्यान्वय हुने मुख्य मुख्य योजना तथा कार्यक्रममा तपसिल बमोजिको रकम विनियोजन गरेको छु ।

| **संघीय सरकारबाट प्राप्त समपुरक र विशेष अनुदानका आयोजनाहरू** | **विनियोजित रकम** |
|---|---|
| रारा खानेपानी आयोजना | रु. २ करोड ५० लाख |
| ग्रामीण कृषि सडक रारा देखि घोडे सुडी मानेचौर राँसा खोप्री कयरकोट सडक स्तरोन्नती | रु. १ करोड २० लाख |
| कुडारी देखि डुङ्ग्री सम्म सडक स्तरोन्नती | रु. ९३ लाख ६० हजार |
| **संघीय सरकारबाट प्राप्त सर्शत अनुदानका आयोजनाहरू** | |

| | |
|---|---|
| स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP | रु. २ करोड २१ लाख |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | रु. ३८ लाख ७२ हजार |
| बस्ती विकास कार्यक्रम | रु. २५ लाख |
| सुरक्षित नागरिक आवास | रु. ३० लाख |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानका आयोजनाहरूमा | रु. ३ करोड ७८ लाख |
| मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत | रु. १ करोड ३५ लाख |
| वडा तर्फका विभिन्न योजना तथा कार्यक्रमहरूका लागि | रु ३ करोड १३ लाख |
| विषयगत शाखा तर्फ योजना तथा कार्यक्रमका लागि | रु. १ करोड ४ लाख ५० हजार |
| पूर्वाधारका आयोजना तथा कार्यक्रमका लागि | रु. ३ करोड ९१ लाख ५० हजार |
| विभिन्न आयोजना तथा कार्यक्रममा | रु. १ करोड ४५ लाख |

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP), किर्डाक नेपाल, वर्ल्ड भिजन नेपाल, आई.एन.एफ. , सहास नेपाल, MDI नेपाल, INF नेपाल लगायत विकास साझेदारहरू सँग सहलगानीमा अगामी आ. व. मा पनि विभिन्न योजना तथा कार्यक्रम संचालन गरिने छ।

अन्तमा, स्थानीय सरकारको समग्र बिकासको फराकिलो आधार निर्माण गर्नको लागि प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिई योगदान गर्नु हुने बिषयगत समिति, विज्ञ समूह, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, निजी क्षेत्र, नागरिक समाज, श्रमजीवि नागरिक, सञ्चारकर्मी, विकास साझेदार संघ संस्था र सम्पूर्ण तिला बासीप्रति धन्यबाद ज्ञापन गर्दै अन्तर हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु।

धन्यवाद !

गोरिकला बुढा
उपाध्यक्ष
तिला गाउँपालिका, जुम्ला